# पाठकको लाग सन्देश

आजकाल मानिसहरू विदेशमा घुम्ने र स्थानान्तरण गर्ने चलन बढेको छ । जापानमा पनि हरेक वर्ष विभिन्न क्षेत्रमा काम गर्ने विदेशी कामदारहरूको सङ्ख्या बढ्दै गइरहेको छ।
निर्दिष्ट प्राविधिक कामदार बसोबास योग्यता स्थापना भएपछि विभिन्न देश तथा सांस्कृतिक पृष्ठभूमि भएका व्यक्तिहरू एउटै समुदायमा बस्न र एउटै कार्यस्थलमा काम गर्न सामान्य हुनेछ।

जापानी भाषाको पाठ्यक्रम पुस्तक **"इरोडोरी: जापानीज फर लाइफ इन जापान"**-ले, जापानमा बस्ने विदेशी मानिसहरूलाई जापानमा दैनिक जीवन यापन र काम गर्नका लागि आवश्यक पर्ने आधारभूत जापानी भाषा कुराकानी गर्ने सीप सिकाउँछ। इरोडोरी शब्दको अर्थ **"रङ लगाउनु"** हो, तर यसको अर्थ "कुनै चिजलाई सुन्दर र आकर्षक पार्न त्यसको आकार र रूप परिवर्तन गर्नु" पनि हो। यो पाठ्यक्रमले तपाईँलाई जापानको दैनिक जीवनमा **"रङ"** भरिदियोस् भन्ने आशमा हामीले यो पाठ्यक्रमको शीर्षक छनोट गरेका हौँ र हामीलाई आशा छ यो पाठ्यक्रमबाट तपाईँ आफ्नो भाषा र कुराकानी गर्ने सीप बढाएर, जापानमा तपाईँका छिमेकीहरू, सहकर्मीहरू तथा अन्य मानिसहरूसँग सजिलै बोल्न र अन्तरक्रिया गर्न सकून्।

यो पाठ्यपुस्तकको मुख्य विशेषताहरू:

- जापानमा बस्दा तपाईँको दैनिक जीवनमा प्रयोग हुने व्यावहारिक जापानी कुराकानी गर्ने सीप प्रभावकारी रूपमा प्राप्त गर्न विभिन्न विषय तथा परिस्थितिहरू यो पाठ्यक्रमले समेट्छ।

- प्रत्येक पाठको अध्ययनको लक्ष्य Can-do वाक्यहरूको रूपमा दिइएको छ। जसले तपाईँले पाठ पढेपछि कस्ता कुराहरू व्यवहारमा उतार्न सक्षम हुनुहुनेछ भन्ने कुराको स्पष्ट विचार दिन्छ।

- विषयहरू र व्याकरणका बुँदाहरू पहिले प्रकाशित जापानी भाषाको पाठ्यपुस्तक "मारुगोटोः जापानी भाषा र संस्कृति"-बाट अनुसरण गरिएको छ, जुन जापानी भाषा शिक्षाको जे. एफ. मापदण्डमा आधारित छ।

- यो पाठ्यक्रम जापानको दैनिक जीवनमा र जापानमा काम गर्नको लागि आवश्यक हुने एलिमेन्टरी लेभल (A2)-को जापानी भाषा सिक्नको लागि उपयुक्त छ र जापान फाउन्डेशन आधारभूत जापानी भाषा परीक्षण (JFT-Basic)-को तयारी गर्दै गरेकाहरूका लागि उपयोगी छ।

- यस पाठ्यपुस्तक संसारको सबै पाठकहरूलाई प्रयोग गर्न सजिलो बनाउन त्यसलाई छापाखानाबाट प्रकाशित नगरी बरु अनलाइनमा उपलब्ध बनाएका छौँ।

चाहे तपाईँ भविष्यमा जापान आउने योजना गर्दै हुनुहुन्छ र जापान आउनु अघि आफू के गर्न सक्ने हुनुपर्छ भन्ने कुरा जान्न चाहनुहुन्छ, वा चाहे तपाईँ जापानमा जीवनयापन गर्दै हुनुहुन्छ र आफ्नो जापानी भाषाको क्षमता जाँचेर आफूले गर्न सक्ने कुरा बढाउन चाहनुहुन्छ, यो पाठ्यपुस्तकले तपाईँलाई आफ्नो लक्ष्य हासिल गर्न मदत गरोस् भन्ने हामी आशा गर्छौं।

सन् 2020 मार्
जापान फाउन्डेशन